For Nepali By Nepali नेपालीका लागी नेपाली

**Non-Resident Nepali Association (NRNA UK)**

**(National Coordination Council - UK)**

# गैरआवासीय नेपाली संघ, यूके

**१५ सेप्टेम्बर २०२१**

**महामहिम लोकदर्शन रेग्मीज्यू**
**राजदूत**
**नेपाली राजदूतावास, लण्डन।**

**विषय: नेपाल र बेलायतबीचको आवागमन सहज बनाउन पहल गरिदिनु हुन।**

**महामहिम राजदूत ज्यू,**

सन् २०१९ को अन्त्य तिरबाट फैलिएको कोभिड–१९ को महामारी विश्वव्यापी बन्यो। हाम्रो कर्मभूमि बेलायत र मातृभूमि नेपाल पनि यो महामारीबाट नराम्ररी प्रभावित भयो। नेपाल भित्र र बाहिर रहेका कैयौं नेपालीले कोरोनाकै कारण ज्यान गुमाउनु पर्यो। यही कारण कतिपय मुलुकले यात्रा प्रतिबन्ध पनि जारी गरे।

बेलायत सरकारले हाम्रो छिमेकी मुलुक, भारत, लाई 'एम्बर' सूची मा राखे पनि नेपाललाई भने हालसम्म पनि 'रेड जोन' मै राखेको छ। बेलायतमा बसोबास गर्ने प्रायः मानिसले कोभिडविरुद्धका आवश्यक खोप पनि लगाइसकेका छन्। तर स्वास्थ्य मापदण्ड पूरा गरेर गरिने यात्रा पनि अझै सहज हुन सकेको छैन।

नेपालीहरुको महानपर्व बडा दशैं, तिहार लगायतका चाडपर्व नजिकिएका छन्। मातृभूमिमा नै गएर आफ्ना मान्यजन र परिवारसजनसँगै चाड मनाउने हाम्रो परम्परा नै हो। तर, यात्राका लागि जारी गरिएका केही अव्यवहारिक मापदण्डका कारण दशैं तिहार लगायतका चाड परिवारसँगै मनाउने चाहना पूरा नहुने देखिएको छ।

यसै स्थितिलाई दृष्टिगत गर्दै नेपाललाई 'रेड जोन' बाट हटाई नेपाल–बेलायत आवागमन सहज बनाउन ब्रिटिश सरकारसंग आवश्यक पहल गरिदिनु हुन अनुरोध गर्दछु।

धन्यवाद।

**प्रेम गाहा मगर**
**अध्यक्ष**
**गैरआवासीय नेपाली संघ**
**राष्ट्रिय समन्वय परिषद् यूके**

13 The Arcade , Aldershot, GU11 1EE, UNITED KINGDOM | w: www.nrnauk.org | e: info.nccuk@nrna.org

✆ President: +44 7833507666 | General Secretary: +44 7796 303938